# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २३, अङ्क : ३५, २०८२ जेठ २५ गते आइतवार ( 8 June 2025 ) मूल्य रु. २०।-




नागरिकता विधेयक माथि संशोधन हाल्नेहरुसँग छलफलः राज्य व्यवस्था तथा सुशासन समितिले नागरिकता विधेयक माथि संशोधन हाल्ने सांसदहरुसँग छलफल गरेको छ । ४६ जनाले ८५ संशोधन दर्ता भएका छन् ।

# अख्तियारको हातमा नेपाल, सबै भन्दा ठुलो माछा

सुस्केरा समाचारदाता

डोल्पा, जेठ - भ्रष्टाचार निवारणका लागि संवैधानिक आयोगका रुपमा व्यवस्था गरिएको अख्तियार दुरुपयोग आयोगले पूर्वप्रधानमन्त्री, नेकपा (एकिकृत समाजवादी)का अध्यक्ष माधव कुमार नेपाललाई भ्रष्टाचार मुद्दा दर्ता गरेको छ ।

अख्तियारे हालसम्म कै उच्चपदस्थ व्यक्ति विरुद्ध अदालतमा मुद्दा दर्ता गरेको रेकर्ड यो पहिलो हो । ठुलो माछा समात्न नसक्ने साना माछा मात्र समात्ने भनेर आरोप खेप्दै आएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पहिलो पटक पूर्वप्रधानमन्त्रीका विरुद्ध मुद्धा दर्ता गरे को छ ।

जब उच्च पदस्थ व्यक्तिलाई मुद्दा दर्ता गर्ने वित्तिकै अब अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई बदलाको भावनाले मुद्दा दर्ता गरेको, क्षेत्राधिकार नाघेको लगायतका विविध आरोप लगाउने गरेको देखिन्छ ।

माधव नेपाल, प्रमुख प्रतिपक्ष नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल लगायतका नेता कार्यकर्ताहरुद्धारा सरकारलाई लक्षित गर्दै विभिन्न आरोप लगाइएको देखिन थालेको छ ।

गलत नगरेको भए डराउनु आवश्यक छैन, किनकी अदालतमा पुगेको मुद्दा दसी प्रमाणहरुको पुरा पुरा अध्ययन हुने गर्दछ । अर्को कुरा हावा नलागी पात हल्लिदैन हालसम्म उच्चओहोदा भन्दा पनि पूर्वप्रधानमन्त्रीमा बसेकाहरुको विरुद्ध मुद्दा दर्ता भएको छ यसले केही नजिर

....... .. .पेज नं. ८ मा

# कोल्डचेन व्यवस्थापन तथा विस्तार

सुस्केरा समाचारदाता

डोल्पा, जेठ - मौसमविदहरुले यो बर्ष यस अघिका बर्षहरुको भन्दा बढि बर्षा हुने र त्यसले प्रभाव पारी विपद पनि बढ्ने दावि गरिरहेका बेला डोल्पामा मौसमजन्य विपद जति सक्यो कम गर्न पहल सुरु गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय डोल्पाले जिल्लामा बर्षाबाट हुने विपद जोखिमलाई कम गर्न तथा तत्काल उद्दार गर्नका लागि सबैको सहकार्य आवश्यक रहेको जनाएको छ ।

प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको दैवी प्रकोप न्यूनिकरण तथा उद्दार समिति रहन्छ । त्यो समितिले हाल सक्रिय रुपमा सबै सम्म समन्वय र सम्पर्क गरिरहेको प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले बताउनु भयो ।

उहाँका अनुसार बिपद कसैले नसोचेको हिसाबले आउने भएकाले मौसमजन्य विपद अकस्मात हुने हुनाले यसका लागि स्थानीय सरकार सबैभन्दा चनाखो हुनु पर्ने हुन्छ । स्थानीय सरकार भित्र पनि

....... .. .पेज नं. ८ मा

# नेपाल पत्रकार महासंघको भवन

सुस्केरा समाचारदाता

डोल्पा, जेठ - नेपाल सरकारको शहरी विकास मन्त्रालयले ठुलीभेरी नगरपालिका मार्फत नेपाल पत्रकार महासंघ डोल्पाको भवन निर्माणका लागि बजेट विनियोजन गरेको थियो । बजेट अनुसार नगरपालिकाको प्राविधिक निगरानीमा निर्माण उपभोक्ता समिति गठन भै निर्माणको काम तिब्र रुपमा हुदै गर्दा आज भवनको छत ढलान गर्ने काम भएको हो ।

ठुलीभेरी नगरपालिका मार्फत नेपाल सरकारको शहरी विकास मन्त्रालयबाट ५० लाख बजेट विनियोजन भएको थियो । उक्त बजेटबाट सभा कक्ष, कार्य कक्षहरु र शौचालय सहितको पक्की भवन निर्माण भैरहेको छ । ठुलीभेरी नगरपालिका वडा नं. ३ का इन्द्रबहादुर भण्डारी परिवारले

....... .. .पेज नं. ८ मा

# वातावरण दिवसमा सडक नाटक

सुस्केरा समाचारदाता

डोल्पा, जेठ - विश्वको वातावरण विस्तारै प्रदुषित हुँदै गएकोमा चिन्ता गर्दै विश्व वातावरणलाई जोगाउनका लागि वातवरण संरक्षणमा सहभागिता का लागि डोल्पामा पनि आज विश्व वातावरण दिवस मनाइएको छ ।

डिभिजन वन कार्यालय डोल्पाको संयोजनमा विश्व वातावरण दिवस मनाइएको हो । वातावरण प्रदुषित गर्ने सबै भन्दा जिम्मेवार मानिस नै भएकाले वातावरणलाई संरक्षण गर्ने काम पनि मानिसकै हो ।

त्यस कारण वातावरण जोगाउन एक एक व्यक्तिले आफ्नो दायित्व ठानेर वातावरण संरक्षणमा योगदान दिनु पर्ने सबैको धारणा छ । तर पनि वातावरण संरक्षण गर्नका लागि बोले अनुसारको व्यवहार नदेखिएको महसुस हुने गरेको छ ।

अझ भन्नु पर्दा वातावरण संरक्षणका

....... .. .पेज नं. ८ मा

# डोल्पामा धान रोपाई सुरु भयो

मेनुका बुढा

डोल्पा, जेठ - बर्षा सुरु भएसँगै डोल्पा जिल्लाका विभिन्न गाउँबासिहरुले आ आफ्ना खेतमा धान रोप्न सुरु गरेका छन् । यसै गरी त्रिपुरासुन्दरी नगरपालिकाको कोटसेरामा धान रोपाई मेला भएको छ । त्रिपुराकोट स्थित श्री बाला त्रिपुरा सुन्दरी भगवतिको कोटखोलामा रहेको कोटसेरा नामक गुठीको जग्गामा धान रोपाई संगै धान रोपाई मेला भएको हो ।

यति खेर त्रिपुरासुन्दरी नगरपालिकामा हलि र रोपाहारा खेतमा जोत्न र धान रोप्नमा मस्त हुनुहुन्छ । खेद रोप्दा खेरी स्थानीयको बाक्लो उपस्थिति मा धान रोपाहाराको खेतमा धान रोपाइ संगै सुरिलो भाकामा गित गाउने गर्दछन् । धान रोपाराहरु र पुजाराहरुले हिलो खेल्ने गर्छन् ।

भगवतीको कोटसेरामा ५ हल गोरु, ३२ जना रोपाराहरु, ३ जना बाउसे ,र २, ३ जना कुनाकाप्चे खन्ने गरेर ४१,४२ जना जनशक्ति प्रयोग हुने गरेको र रोपाई मेलाको दिन सेरा ज्युलो बाट उब्जेको धानको खाना प्रतेक घरधुरिलाई पुरि र सेलरोटि हलुवा

....... .. .पेज नं. ८ मा

# बाढिपहिरो आउन सक्ने भन्दै सचेत हुन आग्रह

मेनुका बुढा

डोल्पा, जेठ - यो वर्ष यस अघिका वर्षहरु भन्दा धेरै पानी पने मौसमविदहरुको अनुमानका कारण धनजानको क्षति गर्न सक्ने भन्दै जिल्ला विपद व्यवस्थापन समिति डोल्पाका अध्यक्ष समेत रहनु भएका प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले सम्पूर्ण डोल्पाबासीहरु, सम्बन्धित निकायहरु, डोल्पाका सबै स्थानीय तहहरुका जनप्रतिनिधि कर्मचारी लगायत सबै सरोकारवालाहरुलाई सचेत हुन आग्रह गर्नु भएको छ ।

यस बर्ष डोल्पामा बाढिपहिरोबाट २९ सय नागरिक विस्तापित हुने अनुमान गरिएको छ । बर्षाको मनसुन सुरु हुन नपाउदै डोल्पा जिल्लामा बाढिपहिरोबाट २९ सय नारिक विस्थापित हुने अनुमान जिल्ला विपद व्सथापन समितिले सार्वजनिक गरेको छ । वितका बर्षहरुका घटनाबाट सिकाई लिँदै तयार गरिएको पुर्वानुमान डाटाले संभभाव्यता जोखिमको चेतावनि दिएको हो ।

अघिल्लो बर्षका तथ्यांक र असरको समिक्षा गरेर यस बर्षको सम्भावित क्षतिलाई अनुमान गरिएको विपद व्यवस्थापन समितिले जनाएको छ । संभावित पहिरो र बाढि प्रभावित क्षेत्रहरुको मानचित्रङ्कन गरिएको छ । जिल्ला विपद व्यवस्थापन समितिका अनुसार डोल्पा जिल्लाको ठुलिभेरि नगरपालिकाको डाँगिबाडा बस्थि,सदुर मुकाम दुनै बजार आसपासको क्षेत्र, मुड्केचुला गाँउपालिकाको काँसिलखोला बस्थि लगायतको केहिबस्थी उच्च जोखिममा रहेको जनाएको छ ।

विद्याल भवन र सार्वजनिक

....... .. .पेज नं. ८ मा

## अख्तियारको हातमा .... . ...

पक्कै स्थापित गर्ने छ । मुद्दा दर्ता हुने बित्तिकै रन्थनीनु आवश्यक छैन ।

यस अघि ललिता निवास जग्गा काण्डमा पूर्वप्रधानमन्त्रीहरुले बयान मात्र दिएका थिए त्यो पनि पूर्वप्रधानमन्त्रीहरुकै घरमै गएर अख्तियारले बयान लिएको थियो । तर यो काण्डमा मुद्दै दर्ता गर्नु भनेको कुच कालो छ भन्ने बुझ्नु पर्छ ।

तर भ्रष्टाचारलाई निर्मुल पार्न आँटेको बेला आफूलाई सत्ताबाट हटाएको भन्ने तर्क गर्ने प्रमुख प्रतिपक्ष दलका नेता समेत रहेका नेकपा(माओवादी केन्द्र)का अध्यक्ष दाहालले माधव नेपाल विरुद्ध मुद्दा दर्ता हुँदा झस्केर राजनीतिक प्रतिशोध भन्न थाल्नु राजनीतिक अस्त्र हो की ? भन्ने प्रश्न उठेको छ । उहाँले उठाएको प्रश्न अख्तियारले क्षेत्राधिकार नाघेको विषय गम्भिर छ । अख्तियारले मन्त्रीपरिषदले गरेको निर्णय उपर छानबिन गर्न थालेका मा उहाँको झस्काई हो की, यस प्रकारको झस्काईले प्रचण्ड मात्र होइन पूर्वप्रधानमन्त्री सबै र बर्तमान प्रधानमन्त्री केपी शर्मा ओली पनि पछि पूर्व हुँदा मुद्दा दर्ता नहुने नजिर बसाल्दै त छैनन् भन्ने आशंका बढेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहिलेसम्मकै ठुलो माछाका रुपमा पतञ्जली योग पिठको जग्गा खरिदबिक्री प्रकरणमा समातेको छ । सबै मिलेर असफल पार्ने पक्का छ किनकी प्रतिपक्ष नै कारवाही नहोस् भन्नेमा छ भने सत्तापक्ष र प्रतिपक्ष मिलेर अख्तियारलाई असफल पार्छन यो पक्का हो ।

## बाढिपहिरो आउन ...........

स्थानियहरुललाई अस्थायि शिविरका रुपमा प्रयोग गर्न मिल्ने गरि तयरि गरिदैछ । त्यस्तै विपदको समयमा सुचनाको सहि र छिटो प्रवाहाका लागि जिल्ला आपतकालिन

## कोल्डचेन .... .... ... .....

वडाका जनप्रतिनिधिहरुले गम्भिर भएर ध्यान दिनु पर्ने प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले बताउनु भयो ।

दैवी प्रकोपबाट हुने धन जनको क्षतिलाई कम गर्नका लागि सबै सचेत हुनु नै हो । किनकी सचेतता अपनाएनौ भने बाढि पैरो लगायतका विभिन्न विपदले धनको त क्षति गर्छ जनको पनि क्षति हुन सक्छ । त्यस कारण समयमै सबै नागरिक सचेत हुनु आवश्यक छ त्यसमा पनि स्थानीय सरकार, प्रदेश सरकारका संरचना र संघीय सरकारका संरचनाहरुले समयमै मौसमजन्य विपदबाट बच्नका लागि विपद विरुद्ध सचेतना फैलाउनु आवश्यक छ । यसका लागि सबै

## नेपाल पत्रकार .... ....

निशुल्क जग्गा दानमा दिएका हुन् । उक्त जग्गामा भवन निर्माण कार्य भैरहेको छ । भवन निर्माणको काम ढलानसम्म पुगेको हो । आर्थिक वर्षको समय सिमा भित्र भवन निर्माण कार्य

## वातावरण दिवसमा ..... ....

लागि सचेतना कार्यक्रमहरु नै निकै कमजोर देखिन्छन् । यसमा सम्बन्धित निकायहरु नै काम भन्दा गफ बढि गर्ने भएकाले वातावरण विनास हुँदै गएको तर्क सबैको छ ।

आज डोल्पाको दुनैमा मनाइएको वातावरण दिवसमा दुनै बोर्डिङ स्कुलका बालबालिकाहरुले वातावरण जोगाउनका लागि सचेतना फैलाउने उद्देश्यले सडक नाटक प्रस्तुत गरेका छन् । त्यस भन्दा अघि वातारवण संरक्षण सम्बन्धि विभिन्न नारा र नारा लेखिएका प्लेकार्ड सहितको प्रभातफेरीले बजार परिक्रमा गरी जिल्ला समन्वय समितिको प्राङ्गणमा पुगेर वातावरण दिवस समारोहमा परिणत भएको थियो । कार्यक्रम डिभिजन वन कार्यालय डोल्पाका रेन्जर डायमण्ड भण्डारीको अध्यक्षतामा संचालन भएको थियो

## डोल्पामा धान रोपाइ .....

प्रसादको रुपमा बाँड्ने चलन रहेको त्रिपुराकोट बगर बजारका एक कृर्षकले बताउनु भयो ।

बालविवाह सामाजिक र कानूनी अपराध हो।
- बीस वर्ष नपुगी विवाह नगरौं, नगराऔं।
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- २० वर्ष उमेर नपुगी गरिएको विवाह स्वत: बदर हुन्छ
- कसुर गर्ने व्यक्तिलाई तीन वर्ष सम्म कैद र तीस हजार सम्म जरिवाना हुने कानूनी व्यवस्था छ।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत

सडक दुर्घटनाबाट बचौं र बचाऔं
- जेब्रा क्रसिङबाट मात्र सडक पार गरौं,
- सडक पेटीबाट हिडौं,
- रातीको समयमा यात्रा गर्दा प्रकाश परावर्तन हुने कपडा लगाऔं,
- चलिरहेको सवारी साधनबाट ओर्लिने वा चढ्ने कार्य नगरौं-नगराऔं,
- सवारी साधनमा भएका सिट बेल्ट प्रयोग गरौं,
- भीडभाड भएका सवारी साधनमा यात्रा नगरौं-नगराऔं,
- सडकमा जथाभावी नहिडौं-नहिडाऔं,
- पशु चौपायाहरुलाई सडकमा नछाडौं,
- अशक्त, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धालाई सडक पार गर्न मद्दत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मनसुनजन्य विपद्बाट बच्ने उपाय
- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
- विपद्पछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# अख्तियारको क्रियाशीलता

हामीलाई दुःख लाग्नु स्वभाविक हो । हाम्रा आशाका केन्द्र तथा धरोहर मानिने नेताहरु दिन दिनै अख्तियारको फन्दामा पर्ने गरेकाले हामी दुखिद छौं तर यही सत्य हो की हामीले हाम्रा आदर्शका रुपमा मानिएका नेताहरुको आर्थिक विकास अस्वभाविक रुपमा बढ्दै गएको प्रति हामीले प्रश्न उठाउन सकेका छैनौं । अझ भन्नु पर्दा आफ्नो दल भने पछि आँखा चिम्लेर कालोलाई सेतो भन्ने दुश्साहास गर्ने बानी परिसकेको छ । यसले हाम्रो समाज न्यायिक होइन अन्यायी बन्दै गएको भान सबैलाई हुनु पर्ने हो । सायद सबैले आ आफ्नो छातिमा हात र ाखेर इश्वरलाई साछी राखि मन बचनले हामीले आदर्श मानेका नेता कस्ता रहेछन् समिक्षा गर्नु आवश्यक भैसकेको हो की ? भन्ने प्रश्न गरेर उत्तर खोज्नु पर्ने समय आइसकेको हो की त ।

जति हामीले बिचार स्वस्थ तथा निष्पक्ष रुपमा गर्न सक्यौं त्यति नै हामी हाम्रा नेताहरुका विरुद्धमा हाम्रो मत जाहेर हुनेछन् । किनकी हामी अन्ध भक्त भएर हाम्रो पार्टीका भनेर नेताहरुको विचारै नगरी, कुनै आशंका प्रकट नगरी सत्य तथ्य के हो केही ध्यानै नदिई हनुमान बनेर पक्षपोषण गर्ने गरेर देशमा भ्रष्टाचार, अनियमितता र अकर्मन्यता बढ्दै गएको प्रस्ट देखिने गरेको छ । यसरी हेर्दा भ्रष्टाचारमा हाम्रा नेताहरुलाई हामी आफैले डुबाउदै लगेका छौं भन्ने समर्थक तथा जनताहरुले गम्भिर भएर सोच्नै पर्ने बेला आइसकेको छ । तर पनि हामीमा उही अन्धभक्त भएरै दिन कटि रहेका छन् ।

यस प्रकारको धरातलीय समाजमा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो सक्रिया बढाउदै लगेको पाइन्छ । ठुला माछा समात्न नसकेको भनेर ब्यापक चर्चा हामी नागरिकहरुले नै गने गरेको भए पनि हामी कति संकिर्णता छ भन्ने कुरा आफ्नो पार्टीका नेता कार्यकर्ताहरुका बिरुद्ध अख्तियारले छानबिन गरेको, मुद्धा दर्ता गरेको सुन्ने बित्तिकै सत्य तथ्य के हो नबुझिकनै समर्थन र बिरोधमा उत्रने हाम्रो नेपाली समाजमा संस्कार बनिसकेको छ । यो निकै दुखद र चिन्ताजनक संस्कारको विकास हुँदै गएको महसुस गर्न थालिएको छ । यदाकदा चर्चा पनि हुने गरेको छ । कोही कसैले बदमासी गर्‍यो, भष्टाचार गर्‍यो, अनियमितता गर्‍यो राज्यको स्रोतको दोहन गर्‍यो, सरकारी सम्पत्तिको दुरुपयोग गर्‍यो, सार्वजनिक सम्पत्तिलाई पहुचका भरमा पदिय दुरुपयोग गरेर आफ्नो र आफ्नालाई बितरण गर्ने गरेको थाहा पाउँदा पनि आँखा चिम्लेर अन्धभक्त भएर समर्थन गर्दै हनुमान बन्ने गरेकाहरुले गम्भिर हुनै पर्छ ।

यस परिस्थितिमा हामी नेपालीको शासकिय वातावरण धमिलो बन्दै गएको छ । शासक, कर्मचारीतन्त्रलाई स्वच्छ राख्न नागरिकहरुकै भूमिकामा भर पर्छ, तर हामीले  देखेका छौं, योजना माग्न जाने पहिले नै केही प्रतिशत दिएर योजना ल्याउने गरेको सबैले सुनेकै छौं, यसो भन्दा जनताहरु पनि भ्रष्टाचार तथा अनियमितताका मतियार छौं भन्दा दुख मान्नु नपर्ने अवस्था छ । यति बेला अख्तियारले पर्व प्रधानमन्त्रीलाई समेत मुद्धा गर्ने आँट देखाएको छ । तर सहयोग गरेर भ्रष्टाचारीलाई कारवाही गराउनुको साटो भ्रष्ट बचाउन मै सबै लागेको देखिन्छ ।

## घुलनशील प्रेम

पूजा शर्मा (प्रकृतिप्रेमी
रातोपाटीबाट

……………
तिम्रो तितोपनको स्वादमा
समय बैंसिएर
कफी र पानी
पानी र कफी
बलियो र उत्साही पेय बनेर
जसले मलाई पागल बनाउँथ्यो ।

अलिकति कम कफीसँग
धेरै कफीमा म घोलिएर
समयलाई श्वेत भैरवी बनाएकी छु
भारी आँखा भएकी
समयको एक चुस्कीमा ।

ओठमा तीतोपन होइन
सुगन्धले स्फूर्ति जगाउँछ
चिनीविहीन तितो नै
कफीको मिठो स्वाद हो
प्रकृतिको स्वाद हो
ओशोले भनेझैं स्वतन्त्रताको स्वाद हो
तितोपनको जिउँदो, निर्विवाद स्वादमा
कफीले हैन, समयले मलाई डोऱ्याउँछ नदीतिर ।

आशा छ– जीवनमा एक दिन
यस्तै स्वाद हुनेछ
यही अनुभूतिको स्वादमा रमाएर
कफीको परम आनन्दको स्वादमा
तिमीसित म मिलेकी छु ।

यो एक इच्छा होइन
जीवनको प्रेम हो ।

## युवालाई सन्देश

सीताकुमारी न्यौपाने
गोरखापत्रबाट

कमिलाको ताँती हेर कति मेहनती,
तिनलाई हेरी गर्नु पर्छ हामीले प्रगति ।

ज्यानलाई थाक्न दिनु हुन्न हरेश खाएर,
सङ्घर्ष गरी जित्नु पर्छ ज्याद्रो भएर ।

सङ्घर्ष गर्नु नै छ है यो जिन्दगीभरि,
उकाली र ओराली आउँछन् घरी घरी ।

कैल्यै पनि गर्नु हुन्न अर्कासँग सेखी,
परिश्रम गर्न सिक्नु पर्छ वरपर देखी ।

किन उज्याला छन् बुझौं ती घाम र जून,
धेरै मेहनत गर्नु पर्छ हामी चम्किलो हुन ।

अल्छी कैल्यै मान्नु हुन्न जाँगर गर्नु पर्छ,
नङ्ग खियाई काम गरे यहीँ सुन फल्छ ।

बल्ल बल्ल पाएका छौं यो अमूल्य जुनी,
लक्ष्य लिनु पर्छ सधैं चन्द्रमालाई छुनी ।

आफ्नो लागि मात्र हैन अरूका लागि बाँचौं,
दुःख पीडा सबलाई हुन्छ त्यसलाई भुली नाचौं ।

छोरा छोरी सबैलाई,
समान रुपमा विद्यालय पठाऔं ।

छोराछोरी सबै बराबरी
छोरा होस् वा छोरी दुबै स्कुल पठाऔं

खेलकुद

# सन्तोषीलाई हेरिटेज रेस उपाधि

सुस्केरा समाचारदाता

काठमाडौं, जेठ - नेपाल हेरिटेज २५ किलोमिटर रेसको उपाधि महिलातर्फ नेपालकी सन्तोषी श्रेष्ठ र पुरुषमा केन्याका धावक जुलियस म्युरुकीले जित्नुभएको छ ।

दशरथ रङ्गशालाबाट शनिबार बिहान सुरु भएर विभिन्न स्थानहुँदै रङ्गशाल(मै आएर सकिएको रेसमा सन्तोषीले एक घन्टा ३१ मिनेट ४३ सेकेन्डमा दौड सक्नुभयो । यस्तै जुलियसले एक घन्टा १६ मिनेट ४८ सेकन्डमा रेस सक्नुभयो ।

महिलामा आर्मीकी नीशा सार्की दोस्रो हुनुभयो । उहाँले एक घन्टा ३२ मिनेट ३१ सेकेन्डमा रेस सक्नुभयो । एपिए(फकी पुष्पा भण्डारी एक घन्टा ३८ मिनेट ०९ सेकेन्डमा दौड सक्दै तेस्रो हुनुभयो ।

यस्तै पुरुषमा त्रिभुवन आर्मी क्लबका विनोद रोकाया दोस्रो हुनुभयो । उहाँले एक घन्टा १७ मिनेट ११ सेकेन्डमा रेस सक्नुभयो ।

तेस्रो हुनुभएका शुसील केसीले एक घन्टा ३१ मिनेट ४३ सेकन्डमा दौड सक्नुभयो । महिला र पुरुष दुवैतर्फ विजेताले एक लाख, दोस्रोले ५० हजार र तेस्रो २५ हजार रुपियाँ पुरस्कार पाउनुभयो ।

साथै ११ औं नेपाल एमेच्योर ओपन गल्फ च्याम्पियनसिपको उपाधि सद्भाव आचार्यले जित्नुभएको छ ।

पार ७२ को गोकर्ण फरेस्ट गल्फ क्लबमा बिहीबार सम्पन्न तीन दिने प्रतियोगितका व्यक्तिगततर्फ सद्भावले कूल २० अन्डर एक सय

# राष्ट्रिय पर्यटनमा साना होटेल

- विदुरचन्द्र लामिछाने

........ गर्न मिल्ने एकद्वार प्रणाली अविलम्ब लागु गर्नुपर्ने सुझाव व्यवसायीको छ । यसमा सरकार को वार्षिक बजेट पनि आउने चरणमा छ, यो कुराको सुनिश्चितता आगामी बैठकले गरोस् भन्ने चाहना आमव्यवसायीको छ ।

व्यवसायको अनुगमनका सम्बन्धमा सरकारी कार्य प्रणाली उदेक लाग्दो देखिन्छ । सिजनल ढङ्गबाट र कही कतै उजुरी पर्‍यो वा हाकिमलाई सनक चढ्यो भने व्यवसाय अनुगमन गर्ने प्रायः देखिन्छ । यसमा व्यवसायी, वाणिज्यका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि र उपभोक्तावादी प्रतिनिधि सम्मिलित एउटा टिम स्थायीरूपमा स्थानीय तहमै गठन गरेर नियमित जसो अनुगमन गर्न सकियो भने त्यो प्रभावकारी हुने, आमउपभोक्ताले गुणस्तरीय सेवा पाउने र व्यवसाय स्तरीकरणमा समेत सहयोग पुग्थ्यो । हाम्रोमा चाडपर्वअघि मात्र अलि बढी चासो दिएर र व्यवसायीलाई तर्साएर अनुगमन गर्ने जुन अभ्यास छ, त्यो सर्वथा अव्यावहारिक र व्यवसायिक वातावरण धमिल्याउने खालको छ यसमा तत्काल सुधार आवश्यक छ ।

अर्को घर बहाल कर पनि ठुलो समस्याको रूपमा रहेको छ । व्यवसायीलाई घर बहाल करको समस्याले निरन्तर नै सताइरहेको हुन्छ । अन्य व्यवसाय जस्तै साना होटेल तथा रेस्टुरेन्ट व्यवसायहरू बढी सताइएका छन् । कानुन त घर बहाल कर घरधनी स्वयम्ले तिर्ने हो तर हाम्रोमा यो कर बहालमा बस्नेले तिर्दै आएका छन् । घर बहाल दिने सम्बन्धमा पनि सरकारको एउटा स्पष्ट नीति आउन सके कसैले पनि अन्यायको अनुभूति गर्न पर्दैनथ्यो ।

नेपाल सरकारका विभिन्न समिति, फोरम, परिषद्, बोर्डमा सम्बन्धित क्षेत्रका उद्योग वाणिज्य सङ्घहरूको प्रतिनिधित्व आवश्यक छ । त्यस्ता सबै निकायमा सही मानिसलाई समावेश गरिएको पाइँदैन । सही निकायमा सही प्रतिनिधित्व हुन सक्यो भने मात्र जुन प्रयोजनका लागि ती निकाय गठन गरिएका हुन त्यसको उद्देश्य पुरा हुन्थ्यो । सही निकायमा सही प्रतिनिधित्व नहुँदा जिम्मेवार क्षेत्रले आफू समावेश हुन नसकेको महसुस सधैं गरिरहने र त्यस्ता निकायबाट उचित कार्य सम्पादन पनि नहुने रोगले सधैं गाजिरहने छ । होटेल व्यवसायीहरूले ठुला र पर्यटकीय सहरहरूमा २४ सै घण्टा व्यवसाय खुल्ने वातावरण बनाई दिन पनि निरन्तर पहल गर्दै आएका छन् । यसबाट पर्यटनसहित आमसर्वसाधारण पनि लाभान्वित हुने व्यवसायीको दाबी छ ।

साना होटेलहरूले मुलुकको पर्यटनमा गरेको योगदानलाई राज्यबाट उचित कदर हुन नसकेको गुनासो व्यवसायीको छ । यो क्षेत्रले अहिलेसम्म पनि उद्योगको मान्यता पाउन सकेको छैन । अर्बौंको लगानी छ, लाखौंलाई रोजगारी दिएका छौं, सरकारको राजस्वमा पनि राम्रै योगदान गर्छौं, अझ त्योभन्दा पनि आन्तरिक बाह्य पर्यटकलाई मुस्कानसहित सेवा दिन्छौं तर बारम्बार कराउँदा पनि सरकारले यो क्षेत्रलाई उद्योगको मान्यता नदिएको उनीहरूको दुःखेसो छ । उद्योगको मान्यता पाउन सके सरकार बाट प्राप्त हुने सुविधा लिई व्यवसाय विस्तार गर्न सहयोग पुग्ने आशा उनीहरूको छ ।

पर्यटन प्रवर्धनमा कनिका छरे जसरी बजेट छुटयाइन्छ । त्यसले केही हुन सकेको पनि छैन । अन्धाधुन्ध बजेट खर्च भएको छ तर त्यसको सही सदुपयोग भएको ...........(गोपबाट)

संस्कृति, कला, बाल संशार



नेपालको कला संस्कृति अदृतिय छ ।

# राष्ट्रिय सभामा बजेटको छलफल

सुस्केरा समाचारदाता

काठमाडौं, जेठ - राष्ट्रिय सभामा आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफल सम्पन्न भएको छ । सभाको शुक्रबारको बैठकमा १३ जना सदस्यले राजस्व र व्ययको अनुमानमाथि आफ्नो धारणा प्रस्तुत गरेपछि छलफल सम्पन्न भएको हो । राष्ट्रिय सभामा जेठ १९ गतेदेखि राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफल सुरु भएको थियो ।

सभाका अध्यक्ष नारायणप्रसाद दाहालले छलफलका क्रममा सभाका सदस्यले उठाएका विषयबारे सम्बन्धित पक्षसँग समन्वय गरी उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जवाफ दिने मिति जानकारी गराउन सचिवालयलाई निर्देशन दिनुभयो । सङ्घीय संसद् सचिवालयका सहायक प्रवक्ता अनन्तप्रसाद कोइरालाले सङ्घीय संसद्को दुवै सदनमा अर्थमन्त्री पौडेलले एकै दिन जवाफ दिने गरी निर्धारण हुने जानकारी दिनुभयो ।

छलफल सम्पन्न भएपछि शुक्रबार नै अर्थमन्त्री पौडेलले जवाफ दिने सचिवालयले तयारी गरेको थियो तर निरन्तरको अवरोधले प्रतिनिधि सभामा राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफल सुरुसमेत हुन सकेको छैन ।

सभाको शुक्रबारको बैठकमा छलफलमा भाग लिनुभएका नेकपा (एमाले) का मुख्य सचेतक भगवती न्यौपानेले प्रभावकारी कार्यान्वयनले बजेटले लिएको प्राथमिकता र लक्ष्य पूर्ति हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “अर्थमन्त्रीले बजेट स्वीकृत हुनेबित्तिकै खरिद प्रक्रिया, सम्झौता अगाडि बढाइहाल्ने विषयमा विभिन्न पक्षसँग छलफल गर्नुभएकोमा विगतमा जस्तै कार्यान्वयन प्रभावकारी नहुने जस्ता कमजोरी नदोहोरिने विश्वास जागृत भएको छ ।”

## सामान्य ज्ञान ३५

१. एसियाका ठुला अर्थतन्त्रबिच डलरमाथिको निर्भरता घटाउने उद्देश्यका साथ नयाँ सहमति कहिले कायम भएको हो ?

☐ सन् २०२५ मे ११

- चीन, जापान, दक्षिण कोरिया र आसियान राष्टबिच डलरमाथिको निर्भरता घटाउन नयाँ सहमति भएको जनाइएको ।
- यी देशहरूले पहिलो चिनियाँ युआनसहित क्षेत्रीय मुद्राहरू प्रयोग गर्ने गरी एउटा नयाँ तीव्र वित्तीय सहायता प्रणाली स्वीकृत गरेका ।
- नयाँ तीव्र वित्तीय सहायता प्रणाली ‘चियाङमाइ इनिसिएटिभ मल्टिल्याटरलिजम (सिएमआइएम)’ नामक योजना अन्तर्गतको एक हिस्सा हो । जुन १० सदस्यीय आसियान राष्ट्रहरू र चीन, जापान तथा दक्षिण कोरियाबिचको मुद्रा सटही व्यवस्था हो ।
- सिएमआइएमको उत्पत्ति सन् १९९० को दशकको एसियाली वित्तीय सङ्कटपछि भएको हो । आपत्कालीन अवस्थामा भुक्तानी सन्तुलन र अल्पकालीन नगद प्रवाहको समस्यामा परेका देशहरूलाई छिटो सहयोग पुऱ्याउने उद्देश्यले यो पहल गरिएको थियो ।
- ११ मे, २०२५ का दिन इटालीको मिलानमा आयोजित आसियान प्लस तीन राष्ट्का अर्थमन्त्री र केन्द्रीय बैङ्क गभर्नरहरूको बैठकमा आकस्मिक भुक्तानी सन्तुलन समस्यामा परेका अर्थतन्त्रहरूलाई छिटो वित्तीय सहयोग उपलब्ध गरा उने नयाँ संयन्त्र ‘सिएमआइएम र्‍यापिड फाइनान्सिङ फेसिलिटी’ स्वीकृत

# विकासमा आशाको सञ्चार

- विनोद पोखेल

देशमा विकास किन भएन ? पटक पटक व्यवस्था परिवर्तन भए तर अवस्था परिवर्तन हुन सकेन । प्रजातन्त्र पुनर्स्थापना भएको ३४ वर्ष भयो । गणतन्त्र स्थापना भएको पनि १७ वर्ष हुन लागिसक्यो । संविधान सभाद्वारा नयाँ संविधान बनाइएको पनि करिब १० वर्ष भयो । देशलाई जापान, अमेरिका, बेलायत, स्विट्जर ल्यान्ड जस्तो विकसित किन बनाउन सकेनौं ? हो, कतिपय देश जापान, सिङ्गापुर, थाइल्यान्ड, फिलिपिन्स, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट मलेसिया, इजिप्ट छिटो विकास गर्ने देशमा पर्छन् । छिमेकी देश भारत र चीनको विकासको गति तीव्र रूपमा अघि बढेको छ । राजनीतिक स्थिरता, नेतृत्वको इच्छा शक्ति, विकास निर्माणमा दीर्घकालीन योजना, त्यसमा दलहरूको प्रतिबद्धता तथा राष्ट्रको स्रोतसाधनको समुचित उपयोगकै कारण ती देशमा विकास सम्भव भएको हो ।

हामीले अरू देशको विकास देखेर हाम्रो किन भएन भनेर बारम्बार प्रश्न गर्छौं । प्रश्न गर्न पाउनु पनि देश विकासको एउटा चरण हो । हिजोसम्म यही प्रश्न गर्न पाउने र अरू देशको विकास देख्न पाउने अवस्थामा हामी थिएनौं, अब त्यो चरण पार गरिसकेका छौं । अब हामी भौतिक रूपमै विकास भएको हेर्न चाहन्छौं, त्यसको अनुभूति गर्न चाहन्छौं । प्रश्न गर्नुभन्दा अगाडि अरू देशले कसरी र कहिले विकास गरे भन्ने बुझ्नु जरुरी छ । हुन त विकास कहिल्यै सम्पन्न हुँदैन, यो राज्यको निरन्तर प्रक्रिया हो भने जनताको हैसियत, रहनसहन तथा क्रय शक्तिलाई आधुनिकतासँगै जोड्नु पनि विकास हो ।

सन् १७०७ मा बेलायत जब एकीकृत भएर युनाइटेड किङ्डम (युके) भयो त्यहाँबाट विकासको गति बढ्दै गएको हो । सन् १७६० देखि १८४० को बिचमा बेलायतमा औद्योगिक क्रान्ति सुरु भयो, जुन संसारकै पहिलो क्रान्ति थियो । यसले फ्याक्ट्री, रेलमार्ग, कपडा उद्योग, फलाम-इस्पात, र सवारी साधनको विकासमा क्रान्ति ल्यायो । १९ औं, २० औं शताब्दीमा बेलायत विश्वको सर्वाधिक शक्तिशाली उपनिवेशवादी शक्ति बन्यो । शिक्षा, स्वास्थ्य, विज्ञान, यातायात जस्ता विकासका क्षेत्रमा फड्को मारेर अहिले यो अवस्था आएको हो । अमेरिका पनि सन् १७७६ मा स्वतन्त्र भएपछि विकासको आधार तय भएको हो । सन् १८०० को दशकतिर अमेरिकामा औद्योगिक क्रान्ति सुरु भयो । जसले कृषि, यातायात (रेलमार्ग) र निर्माण क्षेत्रमा तीव्र परिवर्तन ल्यायो । सन् १९०० को दशक( मा अमेरिकाले सडक, भवन, विद्युत् र उद्योगहरूमा ठूलो विकास गरेको हो । भारतमा पनि १८ औं शताब्दीसम्म विभिन्न राजारजौटाले शासन गरेका थिए । त्यस बेलाका सुल्तान र मुगल शासकले भवन निर्माण, सिँचाइ प्रणाली, व्यापार र प्रशासनिक संरचना मा विकास गरे । ताजमहल जस्ता कलात्मक भौतिक संरचना निर्माण त्यस कालको उत्कृष्ट नमुना थियो । पछि ब्रिटिस काल ( इसं १७५७-१९४७) मा रेलवे, सडक तथा केही भौतिक पूर्वाधारको विकास भएको थियो । इसं विसं २०४७ मा भारत स्वतन्त्र भएपछि भारतमा समाजवादी मोडेल अनुसार पञ्चवर्षीय योजना अनुसार विकासको सुरुवात भएको थियो । कृषि तथा औद्योगिक क्रान्ति गर्दै सार्वजनिक क्षेत्रको विस्तार गर्दै पछि सन् १९९१ मा आर्थिक उदारीकरणको नीति अवलम्बनपश्चात् स्थिर सरकार निर्माणपछि विकासको गतिले तीव्रता पायो । सन् १९४९ मा चीनमा जब माओले जनगणतन्त्र चाइना स्थापना गरे, सो अवधिदेखि विकासको आधार तय भएको थियो । त्यस अवधिमा देशको विकास नभए पनि सन् १९७८ मा राष्ट्रपति देङ जियाओ पिङले निजी क्षेत्रलाई अनुमति दिँदै बजारउन्मुख अर्थव्यवस्थाको सुधार सुरु गरे । विशेष आर्थिक क्षेत्र (सेज ) खोलियो, विदेशी लगानी बढ्यो, कृषि सुधार भयो र क्रमशः विश्वकै ठूलो व्यापार केन्द्र बन्दै विकासले फड्को मार्‍यो ।

हाम्रो देशलाई पनि १७६८ बाट पृथ्वीनारायण शाहले सुरु गरेको नेपाल एकीकरण अभियान १८१२ मा पूर्व टिस्टादेखि पश्चिम काँगडासम्म नेपालको सीमा विस्तार भएको थियो । पछि १८१६ मा सुगौली सन्धि भएपश्चात् वर्तमान नेपालको सीमा क्षेत्र कायम भएको थियो । त्यसपछि हाम्रो नेपालको विकासले समयानुकूल गति लिनु पर्थ्यो, लिन सकेन । ...(गोपबाट)


## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा

## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

-पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङगी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीका मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने टयाङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी टयांकी, धाराका टुटी तथा संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

काइके गाउँपालिका, डोल्पा

## महत्वपूर्ण जानकारी

- हामी आफ्नो र आफूसँग आश्रीत परिवारको स्वस्थ जीवनका लागि अर्गानिक उत्पादनका लागि आफू लागौं र अरुलाई पनि यस तर्फ आकर्सित गराऔं ।
- सबैभन्दा ठुलो कुरा उत्पादन गर्नु भन्दा पनि उत्पादित अर्गानिक कृषि उत्पादनको सहि उदपयोग गरौं ।
- गाउँको शुद्ध अर्गानिक वातावरणलाई रासायनिक मल, विषदीहरु प्रयोग गरेर नबिगारौं ।
- हाम्रो गाउँमा उत्पादन हुने कोदो, फापर, मकै, गहु लगायतका खाद्य बस्तुको प्रयोग गरौं निरोगी बनौं ।
- आफ्नो बारिमा अर्गानिक खेति गरौं, माटोको उर्बरा शक्ति सुरक्षित राखौं । अर्गानिक कृषि उत्पादनको प्रयोग गरी निरोगी बनौं ।
- आफ्नो वरपरको वातारण अर्गानिक बनाई राख्न सबै एक होऔं ।
- विषदी र रासायनिक मलले माटोको उर्बरा शक्ति घटाउने कुरा बुझि राखौं ।

शरद लामा
कार्यालय प्रमुख
कृषि विकास कार्यालय दुनै, डोल्पा
दुनै, डोल्पा

## डोल्पाको आर्थिक समृद्धि र विकास
## पर्यटन क्षेत्रको संवर्धन र पूर्वाधार विकास

# रैथाने बाली संरक्षणका प्रयास

- पुष्करराज प्रसाई(गोप)

रैथाने भन्नाले कुनै विशेष स्थान का सम्बन्धमा मानिसको समूह र उनीहरूले सनातनदेखि प्रयोग गर्दै आएको ज्ञान, सिप, परम्परा, संस्कृति र खाद्य उत्पादनको पहिचान बुझिन्छ । यो शब्द सामान्यतया ठाउँको नाम (बस्ती, गाउँ, सहर, नगर क्षेत्र, प्रदेश, राज्य, देश र महाद्वीप) बाट लिइएको हुन्छ । कुनै पनि ठाउँको जनसङ्ख्याभित्र हुन सक्ने जातीय, भाषिक, धार्मिक वा अन्य सांस्कृतिक भिन्नताको वास्ता नगरी रैथाने शब्दको प्रयोग कुनै विशेष स्थानका सबै मानिसलाई निर्दिष्ट गर्न प्रयोग गरिन्छ, जस्तै हिमाली, तराईवासी, पहाडिया आदि तर पछिल्लो समय यो रैथाने शब्दको अर्थ र वर्ण विन्यासमा (स्थानीयवासीले सनातनदेखि चलाउँदै आएको, छोटकरीमा रैथाने) देखिएको विवादले सर्वसाधारणमा द्विविधा पर्न गएको छ । यसलाई प्रस्ट पार्न अहिले प्रज्ञा-प्रतिष्ठानले शब्दकोष परिमार्जनको प्रक्रिया अगाडि बढाएको अवस्था छ ।

रैथानेप्रतिको आकर्षण

आजकल गाउँसहरका भुइँमान्छेदेखि ठुलाबडा भनाउँदासम्म सबैमा आफ्नो मौलिकपन हराउँदै जान थालेको प्रति चिन्ता, चासो र आक्रोश छ । उनीहरू आफ्नो विगतप्रति गौरव गर्दै वर्तमान समय आफूभन्दा धेरै अगाडि पुगिसकेको निष्कर्ष निकाल्दै पश्चात्ताप गर्न थालेको सुनिन्छ । अहिले सहरमा बसे पनि पहिलेको आफ्नो गाउँघर, बालापन, संस्कृति, चाडपर्व, नातागोता अनि वरिपरिका प्रकृति र प्रविधि नसम्झने को नै होला र ? पहिलेका गाउँघरका कुरा सम्झँदा वा सुन्दा भावुक हुँदै तुरुन्तै आफ्नो गाउँ फर्किहालूँ जस्तो हुन्छ नै तर सहरको व्यस्त जन्जालले त्यति सजिलै जान कहाँ दिन्छ र ? यद्यपि जान नपाए पनि हराउँदै गएको रैथाने खाद्यबाली, चिजवस्तु, प्रकृति, संस्कृतिप्रतिको चिन्ता, चासोले उब्जाएको छटपटी र उकुसमुकुसले गर्दा अब हामीले केही त गर्नै पर्छ, हामीले नगरे कसले गर्ने ? अहिले नै नगरे अब ढिला हुन्छ भन्ने सोचेर 'रैथाने संरक्षण अभियान' सञ्चालन गर्न जुर्मुराएका छौँ । यो निःसन्देह गौरवको विषय हो । गाउँको मौलिकपन झल्कने सिप, कृषिउपज, ज्ञान, प्रविधि, संस्कृति तथा परम्परागत वस्तुको संरक्षण गर्नु नै यस अभियानको प्रमुख उद्देश्य हो भन्ने मलाई लाग्छ । रैथानेपन जोगियो भने नेपालीपन जोगिन सक्छ, नेपालीपन जोगियो भने मात्रै हाम्रो संस्कृति, स्वाभिमान जोगिन सक्छ भन्ने नै यो अभियानको मूल मान्यता हो ।

यसै मान्यताबमोजिम हामीले अब रैथाने उत्पादन क्षेत्र रहेको गाउँघर, हाटबजारमा जनजागरण कार्यक्रम, रैथाने चिजवस्तुको सङ्कलन र उपभोगको अभ्यासमा लाग्नुपर्ने हुन्छ । त्यसै गरी हामीले चलाउँदै आएका पेसा व्यवसायका पुरानो प्रविधि भनेर नफालीकन ती परम्परागत प्रविधिलाई कसरी स्थायित्व दिने र कसरी समयसापेक्ष आधुनिक प्रविधिसँग जोड्ने भनेर त्यसको खोज अनुसन्धान गर्ने गराउनेतर्फ पनि हामी लाग्नुपने हुन्छ । यस तरिकाले विगत समयदेखि नै राज्य र समाज लाग्नुपर्ने थियो तर राज्य र समाज त्यसमा चुक्यो । जसले गर्दा 'न पुराना प्रविधि साथमा, न नयाँ प्रविधि हातमा' भनेको जस्तो स्थितिमा अहिले हामी पुग्यौँ र परम्परागत पेसा व्यवसाय चौपट भयो । यसै गरी रैथाने खाद्यबालीबाट हुने फाइदा र महत्वबारे यथेष्ट जानकारी जनतालाई गराउन नसक्दा र रैथानेभन्दा धान, गहुँ, मकै र तोरीलाई राज्यले प्राथमिकता दिएको अवस्था छ, जसले परिणाम सकारात्मक हुन सकेको छैन । अब अहिले ढिलै भए पनि रैथाने संरक्षण अभियानमा जुटेका छौँ यो खुसीको कुरा हो ।

रैथाने बालीको महत्व

रैथानेले प्रकृति र मानव स्वास्थ्यसँग अनौठो सम्बन्ध स्थापित गरेको छ । मानव स्वास्थ्यलाई चुस्त दुरुस्त राख्ने अचुक उपायको रूपमा रैथाने खाद्य प्रणालीले काम गरेको तथ्य प्रमाणित भइसकेको अवस्था छ । विगतमा गाउँघरमा सप्रेको काँक्रो आमाले टिपेपछि त्यसको बिउ भण्डारण प्रविधिका रूपमा घरको भित्तामा टाँस्ने, छर्कने र अनि बनेको काँक्राको अचार दसैंको मासुभातसँग खाँदाको क्षण हामी सम्झन सक्छौं । हो, आज यही आनन्द र खुसीको रैथाने प्रविधि र प्रकृति अस्तित्व सङ्कटमा पर्दै गएकाले चिन्तित हुनु परेको छ । हाम्रो काँक्राका अचार बनाउने र त्यसको बिउ भित्तामा टाँसेर बसौँसम्म सुरक्षित राख्ने प्रविधि, बिनाबिजुली खर्चमा हावा फुक्ने छालाको आरन, मिठो मकैको पिठो पिँध्ने घट्ट, तेल निकाल्ने काठको कोललगायतका प्रविधि र त्यस्तै खाद्य बालीमा चिनो, कागुनो, उवा, लट्टे मार्सी, फापर, जुम्ली मार्सी, कोदो, जौ र स्थानीय सिमीलगायतलाई अहिलेका पुस्ताले भुल्दै गएको अवस्था देखिन्छ। यस्ता बाली हराउँदै जानु हाम्रो मानव स्वास्थ्य र सिङ्गो देशका लागि घातक विषय हो । किनकि रैथाने बाली भनेको त्यस्ता बाली हुन्, जुन कुनै कालखण्डमा सम्बन्धित देश वा भूगोलमा उत्पत्ति भई परापूर्वकालदेखि खेती हुँदै आएका बालीमा धेरैभन्दा धेरै जातीय तथा अनुवांशिक विविधता पाइन्छ । त्यसका जातमा स्थान विशेष गुणहरू पनि विकास भएका हुन्छन् । साथै रैथाने बालीहरूको त्यस क्षेत्रको धर्म, संस्कृति, सामाजिक र हनसहन तथा खाद्य प्रणालीमा विशेष महत्व राख्छन् । स्थानीय भूगोल माटो हावा पानी र कृषिप्रणाली सुहाउँदो वा अनुकूलित हुने, कम मलजल तथा थोरै लगानीमा पनि उत्पादन लिन सकिने, पौष्टिकताको हिसाबले उत्कृष्ट र स्वास्थ्यबर्धक हुने, धार्मिक तथा सांस्कृतिक रूपले महत्वपूर्ण हुने, आफूलाई आवश्यक पर्ने बिउ आफैँ राख्न सकिने, रोग किराहरू कम लाग्ने वा लागे पनि सहन सक्ने क्षमता भएको, सुक्खा खडेरी, असिना, हावाहुरी आदि ............. (गोपबाट)


## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात सावुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा



## सूचना । सूचना ॥ सूचना ॥।

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका घट्नाहरु, घटना घटेको ३५ दिन भित्र यस पालिकाका नागरिकहरुले आफ्नो वडा कार्यालयमा दर्ता गरौं, गराऔं ।

जगदुल्ला गाउँपालिका, डोल्पा



## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले
- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले
- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

मुड्केचुला गाउँपालिका, डोल्पा

# काठमाण्डौं र कर्णालीलाई बढि अनुदान

सुस्केरा समाचारदाता

काठमाडौं, जेठ - आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घ सरकारले स्थानीय तहतर्फ काठमाडौं महानगरपालिका र प्रदेशतर्फ कर्णाली सरकारलाई सबैभन्दा धेरै अनुदान उपलब्ध गराउने भएको छ । अर्थ मन्त्रालयले सोमबार सार्वजनिक गरेको अन्तरसरकारी वित्तीय हस्तान्तरणसम्बन्धी विवरण अनुसार काठमाडौं महानगरपालिकाले समानीकरण, ससर्त, विशेष र समपूरक गरी चारै किसिमको अनुदानबापत दुई अर्ब ३४ करोड १७ लाख रुपियाँ पाउने भएको हो । स्थानीय तहतर्फ सबैभन्दा कम अनुदान भने मनाङको नार्पाभूमि गाउँपालिकाले १२ करोड ९८ लाख रुपियाँ पाउने भएको छ ।

प्रदेशतर्फ कर्णाली सरकारले सबै किसिमका अनुदानसहित १६ अर्ब चार करोड सात लाख रुपियाँ अनुदान पाउने उल्लेख छ । सबैभन्दा कम अनुदान पाउने गण्डकी प्रदेशका लागि १२ अर्ब २३ करोड ३६ लाख रुपियाँ वित्तीय हस्तान्तरण हुने छ ।

जेठ १५ गते सार्वजनिक गरिएको बजेटमा सरकारले आगामी आवमा वित्तीय हस्तान्तरणका लागि चार खर्ब १७ अर्ब ८३ करोड रुपियाँ विनियोजन गरेको छ । कुल वित्तीय हस्तान्तरणमध्ये प्रदेशका लागि ९७ अर्ब ५६ करोड चार लाख रुपियाँ र स्थानीय तहका लागि तीन खर्ब २० अर्ब २६ करोड रुपियाँ हस्तान्तरण हुने विवरण छ । स्थानीय तहतर्फ पनि महानगरपालिकाका लागि ११ अर्ब ७४ करोड ६५ लाख, उपमहानगरपालिकाका लागि ११ अर्ब ३८ करोड ३८ लाख, नगरपालिकाका लागि एक खर्ब ४३ अर्ब १० करोड र गाउँपालिकाका लागि एक खर्ब ५४ अर्ब दुई करोड रुपियाँ हस्तान्तरण हुने अर्थ मन्त्रालयले जनाएको छ ।

अनुदान शीर्षक अन्तर्गत वित्तीय समानीकरणतर्फ प्रदेशका लागि ६० अर्ब ६६ करोड र स्थानीय तहका लागि ८८ अर्ब ९७ करोड रुपियाँ विनियोजन गरिएको छ । सङ्घले तोकेको सर्त पूरा गर्ने गरी सञ्चालन हुने ससर्त अनुदानबापत आगामी आवमा प्रदेशका लागि ३० अर्ब ३५ करोड र स्थानीयका लागि दुई खर्ब ११ अर्ब ४६ करोड रुपियाँ गरी दुई खर्ब ४१ अर्ब रुपियाँ विनियोजन भएको छ ।

पूर्वाधार आयोजना कार्यान्वयन गर्न समपूरकतर्फ प्रदेशका लागि तीन अर्ब २८ करोड र स्थानीयका लागि १० अर्ब छ करोड अनुदान विनियोजन हुँदा विशेष अनुदानतर्फ आगामी आवमा प्रदेशका लागि तीन अर्ब २७ करोड र स्थानीयका लागि नौ अर्ब ७८ करोड रुपियाँ विनियोजन भएको छ ।

जसले पाउने छैनन् विशेष अनुदान

आगामी आवमा एक सय दुई स्थानीय तहले विशेष अनुदान पाउने छैनन् । अर्थ मन्त्रालयका अनुसार नार्सों गाउँपालिका, मनाङ डिस्याङ गाउँपालिका, कटहरिया नगरपालिका, गढीमाई नगरपालिका, गुजरा नगरपालिका, देवाही गोनाही नगरपालिका, माधवना रायण नगरपालिका, सिदिङ्वा गाउँपालिका, फिदिम नगरपालिका, देउमाई नगरपालिका, माई नगरपालिका, खाँदबारी नगरपालिका, धर्मदेवी नगरपालिका, मादी नगरपालिका, भोटखोला गाउँपालिका, मकालु गाउँपालिका, म्याङलुङ नगरपालिका, आठराई गाउँ पालिका, भोजपुर नगरपालिका, रामप्रसाद राई गाउँपालिका, कटारी नगरपालिकाले आगामी आवमा विशेष अनुदान पाउने छैनन् ।

चौदण्डीगढी नगरपालिका, त्रियुगा नगरपालिका, बाह्रदशी गाउँपालिका, विराटनगर महानगरपालिका, ग्रामथान गाउँपालिका, डाक्नेश्वरी नगरपालिका, राजविराज नगरपालिका, छिन्नमस्ता गाउँपालिका, तिरहुत गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, विष्णुपुर गाउँपालिका, राजगढ गाउँपालिका, औरही गाउँपालिका (सिराहा), नगराइन नगरपालिका, विदेह नगरपालिका, सबैला नगरपालिका, कमला नगरपालिका (धनुषा), हंसपुर नगरपालिका (धनुषा), औरही गाउँपालिका (धनुषा), धनौजी गाउँपालिका, जलेश्वर नगरपालिका, सोनमा नगरपालिका, गोडैटा नगरपालिका, मलङ्गवा नगरपालिका, बागमती नगरपालिका र हरिपुर नगरपालिका पनि विशेष अनुदान नपाउने सूचीमा छन् ।

कविलासी नगरपालिका, चक्रघट्टा गाउँपालिका, धनकौल नगरपालिका, रामनगर गाउँपालिका, सुवर्ण गाउँपालिका, धोबिनी गाउँपालिका, कालिकामाई गाउँपालिका, गोकुलगङ्गा गाउँपालिका, दोरम्बा गाउँपालिका, लिखु तामाकोशी गाउँपालिका, घ्याङलेख गाउँपालिका, पाँचखाल नगरपालिका, मण्डनदेउपुर नगरपालिका, खानीखोला गाउँपालिका, तेमाल गाउँपालिका, बाह्रबिसे नगरपालिका, आमाछोदिङ्मो गाउँपालिका, सूर्यविनायक नगरपालिका, ललितपुर महानगरपालिका, काठमाडौं महानगरपालिका, टोखा नगरपालिका, शुक्लागण्डकी नगरपालिका, आँबुखैरेनी गाउँपालिका, चापाकोट नगरपालिका, लुम्बिनी सांस्कृतिक नगरपालिका, सिद्धार्थ नगरपालिका, ओमसतिया गाउँपालिका, कोटहीमाई गाउँपालिका, मर्चवारी गाउँपालिका, मायादेवी गाउँपालिका, कपिलवस्तु नगरपालिका, बुद्धभूमि नगरपालिका, सत्यवती गाउँपालिका, तुल्सीसीपुर उपमहानगरपालिका, लमही नगरपालिका, कोहलपुर नगरपालिका, जानकी गाउँपालिका, डुडुवा गाउँपालिका, बाँसगढी नगरपालिका, राजापुर नगरपालिका, शारदा नगरपालिका, काइके गाउँपालिका, गुठीचौर गाउँपालिका, छायानाथ रारा नगरपालिका, पताला गाउँपालिका, नलगाड नगरपालिका, खप्तडछान्ना गाउँपालिका, दिपायल सिलगडी नगरपालिका, बोगटान फुड्सिल गाउँपालिका, बान्नीगढी जयगढ गाउँपालिका, पुनर्बास नगरपालिका, चाँदनी दोधारा नगरपालिका, भजनी नगरपालिका, लम्कीचुहा नगरपालिका र मोहन्याल गाउँपालिकाले विशेष अनुदान पाउने छैनन् ।

विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१ को दफा १६ अनुसार विशेष अनुदानबाट सञ्चालन भएका कार्यक्रम पूरा नभएमा मङ्सिरभित्र ठेक्का सूचना हुन नसकेमा, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको निर्देशन पालना हुन नसकेमा, काम गुणस्तरीय नभएमा सोही आव वा आगामी आवमा प्रदान गरिने विशेष अनुदान रकमबाट रोक्का राख्न सक्ने व्यवस्था गरिएको छ । आधारभूत सेवाको विकास र आपूर्ति तथा सामाजिक आर्थिक रूपान्तरणमार्फत विभेदमा र वञ्चितिमा परेका वर्गको उत्थानका लागि सञ्चालन गने कार्यक्रमका लागि विशेष अनुदान उपलब्ध गराइने व्यवस्था छ ।

४३ स्थानीय तह समपूरक अनुदानविहीन

आगामी आवमा ४४ स्थानीय तहले समपूरक अनुदान नपाउने भएका छन् । अर्थ मन्त्रालयका अनुसार चामे गाउँपालिका, नार्सों गाउँपालिका, मनाङ डिस्याङ गाउँपालिका, ईशनाथ नगरपालिका, कटहरिया नगरपालिका, गढीमाई नगरपालिका, फतुवा


धुम्रपान मध्यपानले लिन्छ ज्यान

होसियार, होसियार धुम्रपान र मध्यपानले लिन्छ ज्यान । त्यसैले सुर्तिजन्य पदार्थ, तथा मध्यपान सेवन गरेर आफ्नो ज्यान जोखिममा पार्ने मात्र होइन समाजलाई पनि बर्वाद पार्नबाट जोगाउन आफूले धुम्रपान र मध्यपान सेवन नगरौं र गरेको भए पनि आजैदेखि त्यागौं ।

स्वास्थ्य सेवा कार्यालय
दुनै, डोल्पा



पूर्ण सरसफाइका लागि
हामी र हाम्रो सामुदाय प्रतिबद्ध छौं ।

पूर्ण सरसफाइका ५+१ विषय र सूचकहरू


१) चर्पीको प्रयोग
- सबैले सँधै चर्पीमा दिसा पिसाब गर्ने गरेको
- चर्पीको सरसफाइ नियमित गर्ने गरेको
- चर्पीको लागि साबुन र पानीको व्यवस्था भएको


२) साबुन पानीले हात धुने बानी
- चर्पीको प्रयोग पछि,
- खाना बनाउनु, खानु र खुवाउनु अघि
- कुनै फोहर कुरा/विषादी छोएपछि तथा
- बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि


३) सुरक्षित पानी
- पानी पिउने, खनाउने, राख्ने भाँडो सफा र छोपेर राखेको
- सुरक्षित मुहान/वितरण प्रणालीको पानी पिउने गरेको/घरायसी तहमा शुद्धिकरण गरेर मात्र पिउने बानी भएको


४) सुरक्षित खाने गरेको
- भान्सा कोठा सफा राख्ने
- पकाएको र नपकाएको खानेकुरालाई छुट्टा छुट्टै राख्ने
- राम्ररी पकाउने
- उपयुक्त तापक्रममा राखी संरक्षण गर्ने
- सुरक्षित पानी र खाद्य वस्तुको मात्र प्रयोग गर्ने


५) सफा घर आँगन
- घर आँगन सधै सफा गर्ने गरेको
- घरबाट निस्कने फोहरको वर्गीकरण तथा व्यवस्थापन गर्ने गरेको
- घरबाट निस्कने फोहर पानीको व्यवस्थापन गर्ने गरेको
- पशुपंछीका लागि छुट्टै टहरा/गोठ/खोर बनाई मलमुत्रको व्यवस्थापन गर्ने गरेको
- धुवारहित भान्साकोठा


६) सफा वातावरण
- खुल्ला दिसा मुक्त अवस्था भएको गाउँ
- सफा बाटो-घाटो, चौतारा तथा अन्य सार्वजनिक स्थानहरु
- संरक्षित पानीका मुहानहरु र वितरण प्रणाली
- सफा खोला, नदी नालाहरु
- वायु प्रदुषण नभएको
- फोहरमैलाको व्यवस्थापन भएको
- हरियाली वातावरण/पार्कको व्यवस्था भएको

खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय
डोल्पा
फोन नं.: ०८७-५५०१३८

# श्रमजीवि पत्रकारका समस्या

- सोमप्रसाद डोटेल

नेपालको सन्दर्भमा श्रमजीवी पत्रकारको परिभाषा गरिएको धेरै भएको छैन । पत्रकारिताको व्यावसायिक सुरुवातसँगै श्रमजीवी पत्रकारको जन्म भए पनि लामो अवधिसम्म उनीहरू अपरिभाषित नै रहे । श्रमजीवी पत्रकारलाई सङ्गठित गर्ने प्रयास २००८ सालदेखि सुरु भए पनि यो शक्ति व्यावसायिक रूपमा अझै सङ्गठित हुन सकिरहेको छैन । नेपालमा सर्वप्रथम विसं २००८ सालमा पत्रकारको हक हितको प्रतिरक्षा गर्ने उद्देश्यले नेपाल पत्रकार सङ्घको स्थापना भयो ।

विसं २००९ साल वैशाख २८ गते यो सङ्घको दोस्रो सभाले एउटा कार्यकारिणी समितिको गठन गऱ्यो । यस सङ्घको मुख्य उद्देश्य नेपालका पत्रकार तथा नेपालबाहिरका नेपाली पत्रकारको सङ्गठन निर्माण गरी तिनीहरूको आवश्यक सुविधाका लागि प्रयत्नशील रहनु र नेपालबाहिरका पत्रकारसँग सम्बन्ध स्थापित गरी नेपालका श्रमजीवी पत्रकार र समाचार पत्रका पत्रकारको अधिकार रक्षा गर्नु भन्ने रहेको थियो ।

श्रमजीवी पत्रकार भन्नाले कुनै पनि पत्रिका व्यवस्थापनमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक पत्रकारिता पेसालाई मुख्य पेसाका रूपमा अपनाई पारिश्रमिक लिई कुनै पत्रिका व्यवस्थापनमा पूर्ण वा आंशिक काम गर्ने व्यक्तिलाई सम्झनु पर्छ । यो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादक, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिन्जर समाचारवाचक, कार्यक्रम निर्देशक, अनुबादक, वेभ डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामरा म्यान, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेसासँग सम्बन्धित व्यक्ति जनाउँछ, श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ म परिभाषा गरिएको छ ।

सञ्चार प्रतिष्ठानमा श्रमजीवी पत्रकारले पाउने न्यूनतम पारिश्रमिक रकम निर्धारण गर्न तथा त्यस्तो न्यूनतम पारिश्रमिक रकम आवश्यकता अनुसार पुनरवलोकन गर्ने सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने उद्देश्यले यो समिति गठन भएको हो तर समितिले पटक पटक पारिश्रमिक वृद्धिका लागि गरेका सिफारिस कार्यान्वयन हुन सकेका छैनन् । यस समितिले विभिन्न समयमा गरेका सिफारिस कार्यान्वयनका लागि पहल गर्नुपर्ने देखिन्छ । साथै श्रमजीवी पत्रकारको नियुक्ति, सेवाका सर्त र सुविधाका सम्बन्धमा भएका व्यवस्थाहरू कर्मचारी र कामदारका हकमा समेत समान रूपमा लागु हुने व्यवस्था पनि ऐनले गरेको छ । समितिले सञ्चार प्रतिष्ठानमा काम गर्ने कामदार, कर्मचारी र श्रमजीवी पत्रकारले पाउने पारिश्रमिक रकम सिफारिस गर्दा सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवी पत्रकारको पद र त्यस्तो पदको तहगत वर्गीकरणसमेत गर्नुपर्ने व्यवस्था गरिएको छ ।

सञ्चार प्रतिष्ठानमा काम गर्ने श्रमजीवीको सङ्ख्या यथार्थ अभिलेख कतै पाइँदैन । नेपाल पत्रकार महासङ्घको सदस्यता पाएका पत्रकारको सङ्ख्या १३ हजारभन्दा बढी छ । सञ्चार प्रतिष्ठानमा रही व्यवस्थापकीय दायित्व निर्वाह गरिरहेका व्यक्तिहरू पनि महासङ्घको सदस्य रहेको अवस्थाले महासङ्घका सदस्य सबै वा उनीहरू मात्रै श्रमजीवी पत्रकार हुन् भन्ने अवस्था देखिँदैन । महासङ्घको वैधानिक प्रावधानले गर्दा पनि कतिपय पत्रकार सदस्य नबनेका हुन सक्छन् । अर्कातिर कर्मचारी र कामदारसमेतको अभिलेख राख्ने दायित्व तोकिएको प्रेस रजिस्ट्रारको अलग्गै कार्यालय स्थापना हुन नसकेकाले पनि तथ्याङ्को अभाव छ । समितिले सञ्चार प्रतिष्ठानसँग माग गरेको तथ्याङ्क केही मात्र उपलब्ध हुने गरेका कारण समिति केही सीमित हुनु परेको विगतका तथ्यहरूले देखाउँछ ।

श्रमजीवीले सञ्चार प्रतिष्ठानमा काम गरेबापत मासिक पारिश्रमिक पाउने कानुनी प्रावधान नै भए पनि कार्यान्वयनको अभावमा यसले आम पत्रकारको जीवनमा कुनै अर्थ राख्न सकेको छैन भने वार्षिक तलब वृद्धि त बहुसङ्ख्यक पत्रकारले कल्पना मात्र गर्न सक्ने अवस्था छ । यसैको परिणामस्वरूप शैक्षिक योग्यता, व्यावसायिक दक्षता र अनुभव भए पनि अधिकांश श्रमजीवीले जीवनयापनसम्म नहुने गरी अत्यन्त न्यून पारिश्रमिकमा काम गरिरहेका पाइन्छन् । श्रमजीवीको काम गने समय र हाजिरी तथा बिदासम्बन्धी व्यवस्था एक/दुई बाहेकका सञ्चार प्रतिष्ठानमा लागु भएको छैन । यसले गर्दा पत्रकारिता पेसा अवलम्बन गरे पनि जीवनयापनका लागि वैकल्पिक पेसामा संलग्न हुनुपर्ने बाध्यता छ । सिप विकासका लागि संशोधित कानुनले स्पष्ट व्यवस्था गरे पनि राज्य र सञ्चार प्रतिष्ठान दुवै पक्षले चासो दिएको पाइँदैन ।

श्रमजीवी पत्रकारको भौतिक र सामाजिक सुरक्षाको पनि आवश्यकता छ । दुर्घटनामा परेर मृत्यु भएमा वा अरू कुनै कारणले उनीहरू मानसिक वा शारीरिक रूपमा अशक्त हुन पुगेमा आफू र आफ्नो परिवारको जीवनयापनका लागि कुनै व्यवस्था छैन । स्वास्थ्यका कारणले यस पेसामा सक्रिय हुन नसक्ने भएपछि त्यस्ता पत्रकारको जीवनवृत्तिको कुनै व्यवस्था गरिएको पाइँदैन । अधिकांश श्रमजीवीको हालसम्म जीवन बिमा, दुर्घटना बिमासमेत गरिएको छैन । सञ्चार प्रतिष्ठानको कामको सिलसिलामा कुनै श्रमजीवी पत्रकारलाई चोटपटक लागेमा, निजको मृत्यु भएमा वा निजको व्यक्तिगत सम्पत्ति नष्ट भएमा उपचार खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सञ्चार प्रतिष्ठानबाट पाउने कानुनी व्यवस्था छ, यो लागु हुन सक्ने हो भने पनि केही राहत महसुस हुने थियो ।

श्रमजीवी पत्रकार ऐन सम्पूर्ण सञ्चार क्षेत्रमा हुबहु लागु गराउनु पर्छ र श्रमजीवी पत्रकार ऐन लागु गराउन छापा तथा विद्युतीय सञ्चार माध्यमको वैज्ञानिक वर्गीकरण गरिनु पर्छ । सञ्चार प्रतिष्ठानका मालिक, व्यवस्थापक र श्रमजीवीको स्पष्ट वर्गीकरण हुनु पर्छ । सञ्चार प्रतिष्ठानको वैज्ञानिक वर्गीकरणपछि न्यूनतम पारिश्रमिकको आधार तोकिनु पर्छ । पूर्णकालीन र अल्पकालीन, स्थानीय रूपमा र केन्द्रीयस्तरमा काम गने पत्रकारको स्पष्ट परिभाषा गरी सोही अनुरूप सेवा सुविधाका बारेमा सोच्नु जरुरी छ । यस्तै सञ्चार प्रतिष्ठानलाई उद्योग सरहको मान्यता दिनु पर्छ । यसो गरिएमा राष्ट्रिय सञ्चार नीति अनुसार श्रमजीवीहरूको हकहित र अधिकारको संरक्षणका लागि थप मार्ग प्रशस्त गर्नु पर्छ । साभारः गोप


## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

## सूचना । सूचना ॥ सूचना ॥।

सुख्खाको समयमा हावाहुरि, आगलागिका कारण हुने क्षेतिलाई न्यूनिकरण गर्नका लागि सबै जना सचेत हुनु आवश्यक छ ।
त्यसैले सबै जना सचेत बनौ ।
आगोलागि हुन नदिनका लागि जथाभावी आगो नबालौं,
बाले पनि राम्रोसँग निभाऔं ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

## स्तनपानः बालबालिकालाई बरदान

आमाको दुध बालबालिकाका लागि अमृत समान हुन्छ । त्यसैले,
- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दुधको विकल्पमा बट्टाको दुध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गने वस्तु (विक्रि वितरण नियन्त्रण) एने, २०४९ अनुसार कारवाही हुनेछ ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा